# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः १०** **संख्याः २७** **मितिः २०८३।०५।१६**

**भागः २**


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# पशुपञ्क्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले पशुपञ्क्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ जारी गरेको छ ।

## गुराँस गाउँपालिका

## पशुपञ्क्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१०
प्रमाणीकरण मितिः २०८३/०५/१५

**प्रस्तावनाः**

गुराँस गाउँपालिका क्षेत्रभित्र कृषकहरूको आयआर्जन अभिवृद्धि गर्न, पशुपञ्क्षीको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न, आकस्मिक रोग तथा महामारी नियन्त्रण गर्न, नश्ल सुधारमार्फत उत्पादनशीलता बढाउन तथा व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्नका लागि पशुपञ्क्षी विकास सम्बन्धी विभिन्न कार्यक्रमहरू व्यवस्थित, पारदर्शी, प्रभावकारी, विश्वसनीय र सर्वसुलभ रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ एवं दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ।

### परिच्छेद–१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका पशुपञ्क्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "शाखा" भन्नाले गुराँस गाउँपालिकाको पशुपञ्क्षी विकास शाखा सम्झनु पर्छ।

(घ) "प्राविधिक" भन्नाले पशु सेवा शाखामा कार्यरत प्राविधिक कर्मचारी (पशुचिकित्सक, जे.टि.ए., वा पशु स्वास्थ्य प्राविधिक) सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ।

(च) "कृषक" भन्नाले गाउँपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोबास गरी पशुपञ्क्षी पालन व्यवसायमा संलग्न व्यक्ति, फर्म, समूह वा सहकारी सम्झनु पर्छ।

(छ) ‘‘फार्म’’ भन्नाले व्यावसायिक रूपमा एकल किसिमका समूह रहेका पशु /पन्छी /मत्स्य पालन गरेको स्थानमा

रहेको संरचना सम्झनु पर्दछ ।

(ज) ‘‘पशुपन्छी’’ भन्नाले गाई /गोरू, भैँसी /राँगा, भेडा /बाखरा, बंगुर /संगुर, खरायो, हाँस /कुखुरा/कालिज र लौकाटलाई सम्झनु पर्दछ । सो शब्दले जंगली जनावरलाई समेत जनाउनेछ ।

(झ) ‘‘व्यवसायी’’ भन्नाले कृषि तथा पशुपञ्क्षी पालन पेशामा आवद्ध भइ व्यवसायिक रूपमा कृषि, बाली तथा पशुपञ्क्षी; माछा, मौरीपालन तथा जडिवुटी लगाएतका कृषि व्यवसाय गर्ने कृषि उद्यमी र निजी फार्म समेत बुझ्नुपर्छ ।

(ञ) ‘‘समूह/सहकारी’’ भन्नाले स्थानिय तहमा वा कानुन बमोजिम दर्ता, सूचीकृत भएका पशुपञ्क्षीपालक समूह/सहकारीहरू लाई सम्झनु पर्दछ ।

(ट) ‘‘लागत साझेदारी / निजी साझेदारी / निजी क्षेत्रको साझेदारी / सहकार्य’’ भन्नाले कार्यक्रम सञ्चालन गर्दा गरिने दुई पक्षको सम्झौतामा दोस्रो पक्षको अनिवार्य वित्तीय दायित्वको सुनिच्श्रितता भएको सम्झनु पर्दछ ।

**३. उदेश्य:** पशुपञ्क्षी विकास कार्यक्रम सञ्चालन कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ ।

(क) यस गुराँस गाउँपालिकामा आय आर्जन तथा रोजगारीका अवसर सिर्जना गरी पशुपालक कृषकहरूको बचत सुनिश्चित गर्ने ।

(ख) पशुपञ्क्षी उत्पादन र उत्पादकत्व अभिवृदि तथा खाद्य सुरक्षा प्रर्वद्धनमा योगदान गर्ने ।

(ग) गुराँस गाउँपालिकामा रहेका रोगको नियमित सूचना प्रवाह गर्ने ।

(घ) बजारको माग अनुसारको गुणस्तरिय पशुपन्छीजन्य उत्पादनको आपुर्ती गर्ने ।

(ङ) स्वच्छ, स्वस्थ्य एंव गुणस्तरिय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र बिक्री वितरण तथा उपलब्धता सुनिश्चितता गर्नमा सघाउ पुऱ्याउने ।

## परिच्छेद–२: नि:शुल्क पशु स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम

**३. उद्देश्य:** गाउँपालिकाका दुर्गम तथा पहुँचविहीन क्षेत्रका कृषकहरूका पशुवस्तुलाई घरदैलोमै पुगी नि:शुल्क स्वास्थ्य परीक्षण, उपचार, परामर्श तथा औषधि वितरण सेवा प्रदान गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ।

**४. शिविर सञ्चालन प्रक्रिया र छनोट:**

(१) पशुपञ्क्षी विकास शाखाले वार्षिक स्वीकृत बजेट र कार्यक्रम अनुसार शिविर सञ्चालन हुने वडा, स्थान र मिति तोक्नेछ।

(२) भौगोलिक विकटता, पशुको सङ्ख्या, रोगको प्रकोपको जोखिम तथा प्राविधिक सेवाको पहुँचलाई आधार मानी शिविर सञ्चालन हुने क्षेत्रको प्राथमिकीकरण गरिनेछ।

**५. शिविरमा प्रदान गरिने सेवाहरू:**

(क) साना तथा ठूला पशुहरूको स्वास्थ्य परीक्षण एवं रोगको निदान।

(ख) आन्तरिक तथा बाह्य परजीवी विरुद्धको औषधि नि: शुल्क वितरण (जुका, नामले, उपियाँ, जुम्रा आदि) ।

(ग) बाँझोपन निवारण, प्रजनन सम्बन्धी समस्याको उपचार तथा गोबर र रगतको स्थलगत नमुना परीक्षण।

(घ) सानातिना शल्यक्रिया तथा घाउ/चोटपटकको उपचार।

(ङ) पशु स्वास्थ्य, आहार व्यवस्थापन तथा फार्म सरसफाइ सम्बन्धी कृषक परामर्श।

**६. टोली व्यवस्थापन तथा औषधि खरिद:**

(१) शिविर सञ्चालनका लागि पशुपञ्क्षी विकास शाखा प्रमुख वा निजले तोकेको पशुचिकित्सकको नेतृत्वमा प्राविधिक टोली खटाइनेछ।

(२) शिविरमा प्रयोग हुने औषधि तथा सामग्रीहरू सार्वजनिक खरिद ऐन र नियम अनुसार गुणस्तरीय खरिद गरी मौज्दात राखिनेछ।

## परिच्छेद–३: भुई तथा डाले घाँस वितरण कार्यक्रम

**७. उद्देश्य:** पशुहरूको उत्पादन क्षमता बढाउन वर्षैभरि हरियो घाँसको उपलब्धता सुनिश्चित गर्ने, चरण क्षेत्रको संरक्षण गर्ने तथा आहाराको लागत घटाउन उन्नत भुई तथा डाले घाँसको प्रवर्द्धन गर्नु यस कार्यक्रमको उद्देश्य हुनेछ।

**८. घाँसको बिउ/बेर्ना/स्टेपिङ छनोट:** गाउँपालिकाको हावापानी अनुकूल हुने बहुवर्षीय वा मौसमी भुई घाँस (जस्तै: नेपियर, सुपर नेपियर, स्टाइलो, मोलासेस, बर्सिम) तथा डाले घाँस (जस्तै: किम्बु, इपिल-इपिल, राइखनियो, बडहर) छनोट गरिनेछ।

**९. निवेदन र कृषक छनोटको आधार:**

(१) घाँसको बिउ वा बेर्ना प्राप्त गर्न इच्छुक कृषक, फार्म, समूह वा सहकारीले माग फारम भरी सम्बन्धित वडा कार्यालय वा पशुपञ्क्षी विकस शाखामा निवेदन दिनुपर्नेछ।

(२) छनोट गर्दा देहायका कुराहरूलाई प्राथमिकता दिइनेछ:

क) पशुको सङ्ख्या र व्यावसायिकता।

ख) घाँस खेतीका लागि उपलब्ध जग्गाको क्षेत्रफल।

ग) सिँचाइ तथा घेराबारको व्यवस्था।

घ) साना, सीमान्तकृत तथा महिला कृषकहरू।

**१०. वितरण र अनुदानको व्यवस्था:**

(१) स्वीकृत कार्यक्रम अनुसार कृषकहरूलाई नि: शुल्क वा तोकिए बमोजिमको अनुदान (अनुदान प्रतिशत गाउँपालिकाले तोके अनुसार) मा घाँसको बिउ/बेर्ना उपलब्ध गराइनेछ।

(२) वितरण गरिएको बिउ तथा स्टेपिङको सही सदुपयोग भए/नभएको शाखाबाट प्राविधिक अनुगमन गरिनेछ।

## परिच्छेद–४: आकस्मिक रोग तथा महामारी नियन्त्रण कार्यक्रम

**११. उद्देश्य:** गाउँपालिका क्षेत्रभित्र पशुपञ्क्षीमा अचानक फैलिन सक्ने सङ्क्रामक रोग, महामारी तथा जैविक विपद्को तत्काल रोकथाम, नियन्त्रण र उपचार गरी कृषकको धनजनको क्षति हुनबाट जोगाउनु।

**१२. आकस्मिक कोष तथा औषधि मौज्दात:**

(१) गाउँपालिकाले आकस्मिक पशु रोग नियन्त्रणका लागि आवश्यक पर्ने द्रुत प्रतिकार्य औषधि (Emergency Drugs), खोप (Vaccines), र कीटनाशक औषधि सधैँ पर्याप्त मौज्दात (Buffer Stock) मा राख्नुपर्नेछ।

(२) कुनै वडा वा क्षेत्रमा महामारी फैलिएमा तत्काल परिचालन हुन सक्ने गरी देहाय बमोजिमको "द्रुत प्रतिकार्य टोली" (Rapid Response Team - RRT) गठन गरिनेछः

क) **संयोजक:** सम्बन्धित वडाका वडा अध्यक्ष

ख) **सदस्य:** सम्बन्धित वडाका पशु सेवा प्राविधिक

ग) **सदस्य-सचिव:** पशुपञ्क्षी विकास शाखा/पशु सेवा शाखा प्रमुख

(३) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रोगको सुचना पाउन साथ परिचालित हुने,
(ख) माहामारी रोकको संका लागेमा नमुना संकलन गरि प्रयोगशाला पठाउने,
(ग) प्रमाणित भयमा NAHIS,निर्देशनालय,बिभाग तथा जिल्लामा सुचना प्रवाह गर्ने,
(घ) रोग फैलिन नदिनको लागि सुचना प्रकाशन मार्फत चरिचराउ तथा खरिद बिकृमा निशेध गर्ने,
(ङ) खोप तथा उपचार कार्य गर्ने ।

(४) गाउँपालिकाका **प्रमुख प्रशासकीय अधिकृत**ले उक्त टोलीको आवश्यक नियमन, निर्देशन तथा उच्चस्तरीय समन्वय गर्नेछन्।

**१३. महामारी नियन्त्रण प्रक्रिया:**

(१) कुनै स्थानमा महामारी वा शङ्कास्पद रोग देखा परेमा सम्बन्धित कृषक वा वडा कार्यालयले २४ घण्टाभित्र पशुपन्छी विकास शाखामा सूचना दिनुपर्नेछ।

(२) सूचना प्राप्त हुनासाथ द्रुत प्रतिकार्य टोली सम्बन्धित स्थलमा पुगी रोगको निदान, सङ्क्रमित पशुको सङ्रोधन (Quarantine), नि: शुल्क उपचार तथा जैविक सुरक्षा (Biosecurity) को उपाय अपनाउनेछ।

(३) महामारी नियन्त्रणका लागि खोप कार्यक्रम (Ring Vaccination) तथा निसङ्क्रमण (Disinfection) सम्बन्धी कार्य प्राथमिकताका साथ गरिनेछ।

## परिच्छेद–५: कृत्रिम गर्भाधान (AI) मिसन कार्यक्रम

**१४. उद्देश्य:** स्थानीय जातका गाई/भैँसीको नश्ल सुधार गरी दुग्ध उत्पादन वृद्धि गर्न, उन्नत नस्लका बाच्छाबाछी उत्पादन गर्न तथा कृषकको आयआर्जन बढाउन कृत्रिम गर्भाधान सेवालाई "मिसन" को रूपमा सञ्चालन गर्नु।

**१५. सेवा सञ्चालन तथा प्राविधिक व्यवस्था:**

(१) गाउँपालिकाले तालिमप्राप्त प्राविधिक (AI Technicians) मार्फत घरदैलो वा तोकिएका केन्द्रहरूबाट कृत्रिम गर्भाधान सेवा सञ्चालन गर्नेछ।

(२) शाखाले तरल नाइट्रोजन (Liquid Nitrogen) तथा उन्नत नश्लका राँगा/गोरुका सिमेन स्ट्र (Semen Straws) को निरन्तर आपूर्ति सुनिश्चित गर्नेछ।

**१६. सेवा शुल्क तथा अनुदान:**

(१) कृत्रिम गर्भाधान मिसन अन्तर्गत कृषकहरूलाई नि: शुल्क वा न्यूनतम तोकिएको सेवा शुल्कमा गर्भाधान सेवा, सुत्केरी-पछिको हेरचाह तथा गर्भ परीक्षण (Pregnancy Diagnosis) सेवा उपलब्ध गराइनेछ।

(२) कृत्रिम गर्भाधानबाट जन्मेका उन्नत पाडापाडी/बाच्छाबाछीको अनुसूची १ बमोजिमको कृषक लगत र अनुसूची २ बमोजिमको मासिक लगत राखिनेछ र उत्कृष्ट कृषकलाई प्रोत्साहन अनुदान वा पुरस्कारको व्यवस्था गर्न सकिनेछ।

## परिच्छेद–६: रेबिज खोप कार्यक्रम

**१७. उद्देश्य:** रेबिज रोगको जोखिमबाट सर्वसाधारण नागरिक तथा घरपालुवा पशुवस्तुलाई बचाउन, सामुदायिक तथा घरपालुवा कुकुर/स्यालको टोकाइबाट हुने सम्भावित क्षति रोक्न तथा 'रेबिजमुक्त गाउँपालिका' बनाउनु।

**१८. खोप अभियान सञ्चालन:**

(१) गाउँपालिकाले प्रत्येक वर्ष "विश्व रेबिज दिवस" वा अनुकूल समयमा पालिकाव्यापी नि: शुल्क रेबिज खोप अभियान सञ्चालन गर्नेछ।

(२) घरपालुवा कुकुर तथा बिरालोहरूलाई पूर्ण रूपमा खोप लगाउने र सामुदायिक कुकुरहरूलाई नियन्त्रणमा लिई प्राविधिक टोली मार्फत खोप लगाइनेछ।

**१९. जनचेतना तथा टोकाइ व्यवस्थापन:**

(१) रेबिज रोगको लक्षण, रोकथाम र रेबिज विरुद्धको खोपको महत्त्वबारे वडा तथा विद्यालय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(२) सङ्क्रमित वा शङ्कास्पद जनावरले मानिस वा पशुलाई टोकेमा तत्काल टोकेको ठाउँ सफा गर्ने र पोष्ट-एक्सपोजर भ्याक्सिन (post-exposure prophylaxis) सम्बन्धी परामर्श सेवा प्रदान गरिनेछ।

## परिच्छेद–७: प्रयोगशाला व्यवस्थापन कार्यक्रम

**२०. उद्देश्य:** पशु रोगको वैज्ञानिक, सही र द्रुत निदानका लागि पशु सेवा शाखा अन्तर्गत प्रयोगशाला (Laboratory) को स्थापना, सञ्चालन तथा सुदृढीकरण गर्नु।

**२१. प्रयोगशालामा गरिने परीक्षणहरू:**

(क) गोबर परीक्षण (परजीवी, जुका, नामले आदि पहिचान गर्न)।

(ख) दूध परीक्षण (थुनेलो/Mastitis रोगको प्रारम्भिक निदान)।

(ग) रगत तथा पिसाब परीक्षण (परजीवी तथा अन्य सङ्क्रमण पहिचान)।

(घ) छालाको स्क्र्यापिङ परीक्षण (दाद, छारो, उपियाँ आदि)।

**२२. प्रयोगशाला सामग्री तथा रसायन व्यवस्थापन:**

(१) प्रयोगशालाका लागि आवश्यक माइक्रोस्कोप, Reagents, परीक्षण किट, काँचका सामग्री तथा अन्य रसायनहरू वार्षिक बजेटबाट नियमानुसार खरिद गरी चुस्त राखिनेछ।

(२) साधारण परीक्षणहरू (जस्तै: गोबर र थुनेलो परीक्षण) कृषकहरूका लागि नि: शुल्क रूपमा उपलब्ध गराइनेछ।

## परिच्छेद–८: अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

**२३. अनुगमन तथा मूल्याङ्कन समिति:** यस कार्यविधि अन्तर्गत सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि देहाय अनुसारको समिति रहनेछ:

क) **संयोजक:** उपाध्यक्ष, गुराँस गाउँपालिका

ख) **सदस्य:** आर्थिक विकास समिति संयोजक

ग) **सदस्य:** कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्य

घ) **सदस्य सचिव:** पशुपञ्क्षी विकास शाखा प्रमुख

**२४. प्रतिवेदन तथा अभिलेख:**

(१) सञ्चालित शिविर, घाँस वितरण, खोप अभियान, कृत्रिम गर्भाधान तथा प्रयोगशाला परीक्षणको छुट्टाछुट्टै र एकीकृत डिजिटल/कागजी अभिलेख राखिनेछ।

(२) पशुपञ्क्षी विकास शाखाले प्रत्येक त्रैमासिक र वार्षिक रूपमा कार्यक्रमको प्रगति प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ।

## परिच्छेद–९: विविध

**२५. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै दुविधा वा बाधा अड्काउ उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ।

**२६. संशोधन:** यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको बहुमतले संशोधन गर्न सक्नेछ।

अनुसूची: १

कृतिम गर्भाधान रेकर्ड कार्ड

(पहिलो पेज)

कृत्रिम गर्भाधान केन्द्रको नाम:-

पशुधनीको नाम:-

ठेगानाः-

मोवाइल नं.

(दोस्रो पेज)

गाइ /भैँसी /बाखाको विवरण

गाई /भैँसी /बाखाको नाम नं

गाई /भैँसी /बाखाको वेत संख्या:-

पछिल्लो व्याएको मिति:-

गाई/ भैंसी /बाखाको प्रतिशतः-

गाई /भैँसी /बाखाको रंग:-

जातः-

कृ.ग. गरेको मिति:-

उल्टन सक्ने मितिः-

राँगो/साँढे/बोका नं

कृःग. गर्नेको सही

(तेस्रो पेज)

गर्भ परीक्षण तालिका

| गर्भ परीक्षण गरेको मिति | गर्भ | | गर्भ परीक्षण गर्ने कर्मचारी | व्याउने मिति अनुमानित मिति | ब्याएको | लिङ्ग | दुध उत्पादन | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | रहेको | नरहेको | | | | | बिहान | बेलुका | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(चौथो पेज)

पशुपालक कृषकहरूले ध्यान दिनुपर्ने कुराहरू

गाई भैँसी बाखाले साँढे राँगो बोका खोजेको बेला देखाउने लक्षणहरू:-

- उत्तेजित हुनु।
- अरू पशु माथि चढ्नु र चढ्न दिनु।
- छिनछिनमा पिसाब फेर्नु।
- दाना कम खानु।
- सेफ फाल्नु।
- कराउनु /उफ्रनु, पुच्छर हल्लाइरहनु / माथि उठाउनु आदि।

नोटः- गाइ/ भैँसी/बाख्रा माथिका लक्षणहरू देखा परेमा कार्यालय समय भित्र पशु सेवा शाखा/ सम्बन्धित कृ.ग. कर्तासँग सम्पर्क राखी कृत्रिम गर्भाधान गराउनुहोस्।

- कृपया कृत्रिम गर्भाधान गरेको गाई /भैँसीले विचमा साँढे/ राँगो नखोजेमा ३ महिना पछि गर्भ परीक्षण गराउन सकिनेछ।
- यदि गाइ /भैँसी कृत्रिम गर्भाधान गरेको १८ देखि २४ दिन भित्रमा साँढे राँगो लक्षण देखिएमा पशु सेवा शाखा सम्बन्धित कृ.ग.कर्तासँग सम्पर्क राख्नु पर्दछ।

अनुसूची: २

कृत्रिम गर्भाधान मासिक प्रगती विवरण

(कृत्रिम गर्भाधानकर्ताले भर्ने)

२० ....साल ......महिनाको मासिक प्रगति

| सि. नं | पशुधनीको नामथर | ठेगाना | पशुको किसिम | जात | नाम/नं | वेत | पछिल्लो व्याएको मिति | दुध उत्पादन | सिमेन नं | गर्भ परीक्षण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

जम्मा गाई/भैसी संख्या:- जम्मा भैँसी संख्या:- कुल पशु संख्या:- कृ.ग. कर्ताको

नाम..............................

दस्तखत.........................

अनुसूची ३ (क)

गुराँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालाय

पशुपञ्क्षी विकास शाखा

रानीमत्ता, दैलेख

आ.व. ................ भेडा/बाख्रामा......................भ्याक्सिन विवरण भ्याक्सिन लगाएको मिति:.....

| क्रम. सं | कृषक को नाम थर | ठेगाना | | भेडा/बाख्राको संख्या | | | | भ्याक्सिनेसन गरिएको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गा पा | वडा नं | पाठापाठी | पठेग्र/पठेंग्री | वयस्क | जम्मा | पठेग्र/पठेग्री | वयस्क | जम्मा | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

टोली प्रमुखको नाम: दस्तखत: भ्याक्सिनेटरको नाम: दस्तखत:

भ्याक्सिनेटरले गरेको व्यहोरा ठीक वा साँचो हो भनि प्रमाणित गर्ने वडा प्रतिनिधिको नाम:

पद:

अनुसूची ३ (ख)

गुराँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपञ्क्षी विकास शाखा

रानीमत्ता, दैलेख

आ.व. .................        कुकुरमा.......................भ्याक्सिन विवरण        भ्याक्सिन लगाएको मिति:.....

| क्रम सं | कृषक को नाम थर | गा पा | वाड नं | पशुको किसिम | मिति | उमेर | रंग | लिङ्ग | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

टोली प्रमुखको नाम:        दस्तखत:        भ्याक्सिनेटरको नाम:        दस्तखत:

भ्याक्सिनेटरले गरेको व्यहोरा ठीक वा साँचो हो भनि प्रमाणित गर्ने वडा प्रतिनिधिको नाम:

पद:

अनुसूची ३ (ग)

गुराँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपञ्क्षी विकास शाखा

रानीमत्ता, दैलेख

आ.व. ................ गाई/ भैसीमा......................भ्याक्सिन विवरण भ्याक्सिन लगाएको मिति:.....

| क्रम. सं | कृषक को नाम थर | ठेगाना | | गाई/ भैसी को संख्या | | | | भ्याक्सिनेसन गरिएको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गा पा | वडा नं | पाडापाडी/ बाच्छा बाच्छी | | वयस्क | जम्मा | कोरेली | वयस्क | जम्मा | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

टोली प्रमुखको नाम: दस्तखत: भ्याक्सिनेटरको नाम: दस्तखत:

भ्याक्सिनेटरले गरेको व्यहोरा ठीक वा साँचो हो भनि प्रमाणित गर्ने वडा प्रतिनिधिको नाम:

पद:

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत